
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २१६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौं ४ गते शनिबार ❑ 20 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## प्रसूति तथा स्त्रीरोग अस्पताल विशिष्टीकृत स्वास्थ्य संस्था हो : राष्ट्रपति

**रासस**
**काठमाडौं, ३ भदौं**

राष्ट्रपति विद्यादेवी भण्डारीले परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल महिला तथा स्त्रीरोगसम्बन्धी देशको विशिष्टीकृत स्वास्थ्य संस्थाको रूपमा स्थापित भएको बताउनुभएको छ।

परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालको ६३ औं वार्षिकोत्सव कार्यक्रम तथा बृहत् स्तनपान व्यवस्थापन केन्द्रको उद्घाटन कार्यक्रममा उहाँले अस्पतालले ६३ वर्षदेखि महिला तथा नवजात शिशुलाई निरन्तररूपमा सेवा प्रदान गरेर मातृ मृत्यु दर र शिशु मृत्यु दर घटाउन महत्वपूर्ण योगदान पुऱ्याएको बताउनुभयो । राष्ट्रपति भण्डारीले अस्पतालले प्रसूति तथा स्त्री रोगका साथै नवजाज शिशुसम्बन्धी सरल र कम खर्चिलो, सुविधायुक्त तथा गुणस्तरीय सेवा उपलब्ध गराउँदै आएको बताउनुभयो । छ दशकअघि ४० शय्याबाट सुरुआत भएको यस अस्पतालले हाल चार सय ७९ शय्याबाट सेवा दिइरहेकोमा उहाँले खुसी व्यक्त गर्नुभयो । उहाँले अस्पतालको आफ्नो पहलमा ह्युमन मिल्क बैंक 'अमृत कोष'को स्थापना गरिनुलाई मातृ तथा शिशु स्वास्थ्य सेवाको क्षेत्रका एक ऐतिहासिक थालिनेका रूपमा पाएको बताउनुभयो।

"दूध दान गर्नु पुरानो अभ्यासको रूपमा रहेको छ", उहाँले भन्नुभयो, "अमृत कोषले सुव्यवस्थित र संस्थागत रूपमा आमाहरूबाट दान गरिएको दूधको सङ्कलन, प्रशोधन र भण्डारणले गरी आवश्यक पर्ने शिशुलाई वितरण गर्ने छ।" अमृत कोषको स्थापनाबाट नेपालका मातृ तथा शिशुमृत्यु दर घटाउन महत्वपूर्ण योगदान पुऱ्याउनुका साथै स्तनपान महत्वबारे जनचेतना जगाउने विश्वास व्यक्त गर्नुभयो। यस अस्पतालले प्रदान गर्दै आएको विशिष्टीकृत स्वास्थ्य सेवा विशेष गरी प्रसूतिसम्बन्धी सेवालाई मुलुकका विभिन्न ठाउँमा पुऱ्याउन पहल गर्नु पनि प्रशंसनीय रहेको उहाँको भनाइ रहेको छ। अस्पताललाई प्रविधिमैत्री बनाउन उपलब्ध गराएको अत्याधुनिक प्रविधिको प्रयोगबाट सेवाग्राहीलाई सुलभ र गुणस्तरीय सेवा प्रदान गर्न अस्पताल व्यवस्थापन सक्रिय रहेको महसुस गरेको उहाँले बताउनुभयो।

स्वास्थ्य सेवाका विशिष्ट आवश्यकताको पहिचान गरी सोहीअनुरुपको जनशक्तिको तयार गर्न मुलुकको सामु विद्यमान चुनौती रहेको उहाँको भनाइ रहेको छ । "स्वास्थ्य क्षेत्रको जनशक्ति विकासमा अल्पकालीन र दीर्घकालीन योजना निर्माण गर्न अस्पतालको अनुभव, कार्य क्षेत्र र सेवा विस्तारबाट सहयोग प्राप्त हुनेछ", उहाँले भन्नुभयो, "नेपाल सरकारका सम्बन्ध संस्थाले यसतर्फ आवश्यक पहल र समन्यव गर्न विशेष ध्यान दिने मैले अपेक्षा गरेको छु।"

कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री हीराचन्द्र केसीले सातवटै प्रदेश र ७७ जिल्लामा प्रसूति सेवा विस्तार गर्न थालिएको जानकारी दिनुभयो । उहाँले नेपालमा पनि निकट भविष्यमा स्वास्थ्यका अत्याधुनिक उपकरण ल्याएर उपचार गर्ने जानकारी दिनुभयो।

अस्पतालका निर्देशक डा अमिरबाबु श्रेष्ठले उच्च मातृ मृत्युदर र शिशु मृत्युदरलाई कम गर्नका लागि अस्पतालले महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो । उहाँका अनुसार आर्थिक वर्ष २०७८/७९ मा कूल ३३ हजार आठ सय ५५ महिला भर्ना भएकोमा प्रसूतितर्फ २६ हजार छ सय पाँच र स्त्रीरोगतर्फ चार हजार नौ सय ३० को उपचार तथा २४ हजार तीन सय ६९ गर्भवती महिलाको प्रसूतिबाट २४ हजार पाँच सय ९३ शिशुको जन्म भएको छ।

उहाँले नवजात शिशुको स्वास्थ्यलाई ख्याल गर्दै अस्पतालमा पूर्ण स्तनपान नीति लागू गरिएको र यस वर्ष अस्पतालले सरकारबाट तोकिएको विभिन्न २० सूचाङ्क पूर्ण हासिल गरी मातृशिशुमैत्री अस्पतालको रूपमा मान्यता पाएको बताउनुभयो।



श्रीकृष्ण जन्माष्टमीको अवसरमा पोखरा- १७ पार्दीस्थित कृष्ण मन्दिरमा पूजापाठ गर्न आएका श्रदालु भक्तजन। तस्बिर : जमुनावर्षा शर्मा /रासस

## 'भाषा, धर्म र संस्कृति सभ्यता र सम्पन्नताका सूचक'

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ भदौं**

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले भाषा, धर्म र संस्कृति हाम्रो सभ्यता र सम्पन्नताका सूचक रहेको बताउनुभएको छ।

श्रीकृष्ण जन्माष्टमीका अवसरमा शुक्रबार शुभकामना सन्देश जारी गर्दै उहाँले मुलुकको सभ्यता र सम्पन्नताका सूचक भाषा, धर्म, कला, संस्कृति, परम्परा तथा रीतिरिवाजलाई जोगाउन सबैको एकताबद्ध प्रयास आवश्यक हुन्छ भन्नुभयो।

ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता भगवान् श्रीकृष्णको जन्म द्वापरयुगको अन्त्यतिर भाद्र कृष्ण अष्टमीको मध्यरातमा भएको सम्झनामा शुक्रबार भगवान् श्रीकृष्णको पूजा आराधना गरी श्रीकृष्ण जन्माष्टमी पर्व मनाइने सन्देशमा भनिएको छ । सन्देशमा द्वापर युगमा कंशको अत्याचार बढेपछि त्यसबाट मानव जातिको उद्धार गर्न वासुदेव र देवकीको आठौं सन्तानका रूपमा आजकै दिन भगवान् श्रीकृष्णको जन्म भएको धार्मिक विश्वास रहेको उल्लेख गरिएको छ। "बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विविधतायुक्त हाम्रो समाजलाई एकताको सूत्रमा आबद्ध गरी धार्मिक सहिष्णुता तथा सद्भाव कायम गर्न यस पर्वले सहयोग पुऱ्याउने छ", सन्देशमा भनिएको छ।

## निर्वाचनका लागि गठबन्धनको साझा धारणा बनाउने जिम्मा

**रासस**
**काठमाडौं, ३ भदौं**

सत्ता गठबन्धन दलका शीर्ष नेतृत्वले आउँदो निर्वाचनका लागि साझा धारणा बनाउन सिट बाँडफाँट गर्न गठित कार्यदललाई नै जिम्मा दिएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा शुक्रबार गठबन्धनका शीर्ष नेतृत्वसँग भएको छलफलमा कार्यदलले आफ्नो प्रतिवेदन बुझाएको र आगामी मङ्सिर ४ मा हुने आमचुनावमा गठबन्धन गरेर जानुको औचित्य के हो भनेर साझा धारणा बनाउनका लागि शीर्ष नेतृत्वले कार्यदललाई नै जिम्मेवारी दिएको कार्यदलका सचिव केशवराज जोशीले जानकारी दिनुभयो।

गठबन्धन दलले आगामी निर्वाचनका सन्दर्भमा सिट बाँडफाँटका लागि नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाको संयोजकत्वमा ११ सदस्यीय कार्यदल गठन गरेको थियो । सोही क्रममा कार्यदलले अहिलेसम्म गरेका कार्यप्रगतिका बारेमा जानकारी गराएको थियो । छलफलमा शीर्ष नेताहरुले अहिलेसम्मको प्रगति तथा सिट बाँडफाँटका विषयलाई अन्तिम रुप दिनसमेत

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## तनहुँ-१ बाटै चुनाव लड्छु : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**दमौली, ३ भदौं**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले तनहुँ-१ बाटै निर्वाचन लड्ने घोषणा गर्नुभएको छ । गृहजिल्ला तनहुँको दमौली आइपुग्नुभएका पौडेलले मङ्सिर ४ गते हुने निर्वाचनमा तनहुँबाटै प्रतिनिधिसभा सदस्य उम्मेदवार बन्ने घोषणा गर्नुभएको हो।

नेपाली कांग्रेसमा तनहुँबाट प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्य, जिल्ला सभापति, पार्टीका अन्य नेतासँग यसबारेमा आफूले कुरा गरिसकेको बताउँदै वरिष्ठ नेता पौडेलले भन्नुभयो, 'यसबारेमा सबै नेतासँग समझदारी भइसकेको छ, त्यसलाई केही समयपछि औपचारिक रूप दिन्छौं।'

नेकपा (एकीकृत समाजवादी) पार्टीले तनहुँ-१ दावी गरेको विषयलाई कसरी लिनुभएको छ भन्ने प्रश्नमा वरिष्ठ नेता पौडेलले आफू स्वयं यहाँबाट चुनाव लड्ने भएपछि उहाँहरुको दावी नलाग्ने प्रष्ट पार्नुभयो । 'वर्तमान गठबन्धनको सूत्रधार नै म हो। म आफैं लड्ने भएपछि उहाँहरुको दावी लाग्दैन', पौडेलले भन्नुभयो, 'उक्त पार्टीका उम्मेदवारले नै वरिष्ठ नेता पौडेल चुनाव लड्छु भनिसक्नुभएकाले मेरो केही लाग्दैन, मलाई अर्को व्यवस्था गरिदिनुस् भनेर माधव नेपाल र मसँग भनिसक्नुभएको छ।'



पौडेलले फरक प्रसङ्गमा पृथ्वीराजमार्ग विस्तारका क्रममा व्यास-१२ घाँसीकुवामा रहेको घाँसीकुवा पार्क र कुवालाई संरक्षण गर्नका लागि पहल गरेको बताउनुभयो। राजमार्ग विस्तारका क्रममा घाँसीकुवा पार्क र कुवा मासिने भएपछि स्थानीयवासीले यसको संरक्षणका लागि पहल गरिदिन आफूलाई आग्रह गरेको भन्दै उहाँले सम्बन्धित निकायमा यस विषयमा कुरा भइसकेको बताउनुभयो।

'पार्कलाई थप विस्तार गरेर घाँसीको ठूलो मूर्ति बनाउनुपर्छ, पार्क र कुवालाई सुरक्षित राखेर कुनापट्टि भित्ता फोरेर राजमार्ग विस्तार गर्नुपर्छ भनेर भनेको छु', उहाँले भन्नुभयो।

## छाङ्छाङ्दीमा साउनमा मात्र साढे १२ लाख भेटी

**पोखरापत्र संवाददाता**
**वालिङ, ३ भदौं**

स्याङ्जाको प्रसिद्ध धार्मिकस्थल छायाँक्षेत्र शिव मन्दिर छाङ्छाङ्दीमा साउन महिनामा मात्रै रु १२ लाख ६० हजार छसय ९९ भेटी सङ्कलन भएको छ।

भिरकोट नगरपालिका-४ छाङ्छाङ्दीमा रहेको उक्त शिवमन्दिरमा साउनको सोमबार आउने भक्तजनबाट भेटी सङ्कलन भएको मन्दिर व्यवस्थापन समितिका सचिव कृष्णप्रसाद श्रेष्ठले बताउनुभयो । मन्दिरमा दर्शनका लागि आउने भक्तजनले दान गरेको, सहयोग रसिद, आजीवन सदस्यता, चामल बिक्री, पार्किङ व्यवस्थापन, बजार बिक्री कर, भजन मण्डली, दानपेटिका, द्रुत सेवा र क्युआर कोडमार्फत उक्त भेटी सङ्कलन भएको हो।

"साउन महिना महादेवको प्रिय महिना र त्यसमा पनि सोमबार विशेष दिन भएको हुँदा यहाँ भक्तजनको भीड लागेको हो", उहाँले भन्नुभयो, "यसपटक साउन महिनाका पाँच वटा सोमबार रहेको र यहाँ आउने भक्तजनले विभिन्न शीर्षकमा दिएको भेटी सङ्कलन गरी आम्दानी बाँधेर राखेका छौं ।" मन्दिरमा भजन मण्डलीद्वारा भजनकीर्तन गरिने हुँदा त्यहाँ धेरै भक्तजनले भेटी चढाउने गरेको सचिव श्रेष्ठले बताउनुभयो। विभिन्न शीर्षकबाट सङ्कलन भएको भेटीलाई बैंकिङ प्रणालीमार्फत खर्च गर्ने गरिएकाले पारदर्शितामा समितिले ध्यान दिएको छ । मन्दिरका नाममा माछापुच्छ्रे बैंकसँग समन्वयमा 'क्युआर कोड' मन्दिर परिसरमै राखिदिएकाले पनि भेटी सिधै बैंकमा जम्मा हुने गरेको छ । "सङ्कलन भएको भेटीको सही सदुपयोग गरी सोहीमार्फत मन्दिरमा पूजापाठ सञ्चालन गर्ने, भौतिक पूर्वाधार विस्तार गर्ने गरिएको छ", उहाँले भन्नुभयो, "यहाँ बर्सेनि नयाँनयाँ भौतिक संरचना तथा विभिन्न मूर्तिहरू प्रतिस्थापन गर्दै थप व्यवस्थित गर्दै अगाडि बढेका छौं ।" यस ठाउँमा हिमालयकी पुत्री पार्वतीको अन्तिम अङ्ग पतन भएको किंवदन्ती छ । दिवङ्गत भएकी पत्नी पार्वतीको शव लिएर हिँड्नेक्रममा बाँकी रहेको अन्तिम अङ्ग पनि पतन भएपछि पत्नी वियोगमा ब्याकुल बनेका महादेवले त्रिशूल प्रहार गरी पानी निकालेको र सोही पानी पत्थर भित्रैभित्रबाट छङ्छङ् गर्दै झरेकाले यसको नामकरण 'छाङ्छाङ्दी' भएको धार्मिक विश्वास रहिआएको छ। यस मन्दिरमा स्याङ्जासहित पोखरा, पाल्पा, बुटवल, चितवन, बागलुङ, पर्वत, तनहुँलगायत स्थानबाट दर्शनार्थी आउने गरेका छन्।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा १४ खेलको छनौट र प्रशिक्षण सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ भदौं**

गण्डकी प्रदेशमा आउदो असोज २८ देखि कार्तिक ३ गतेसम्म संचालन हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई लक्षित गरी गण्डकी प्रदेशमा १४ वटा खेलहरुको छनौट तथा प्रशिक्षण सुरु भएको छ। गण्डकी खेलकुद परिषदले आयोजना गरेको उक्त छनौट तथा प्रशिक्षण कार्यक्रमको गण्डकी प्रदेश सरकारका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले उद्घाटन गर्नु भएको छ।



परिषद्ले पहिलो चरणमा भदौ ३ गतेबाट १४ वटा खेलहरुको विशेष प्रशिक्षण सहित खेलाडी छनौट प्रतियोगिताहरु कास्की, नवलपुर, स्याङ्जा र बागलुङमा सञ्चालन भएको परिषदका सदस्य सचिव तेज बहादुर गुरुङले बताउनु भयो। २० दिनका लागि तय गरिएको विशेष प्रशिक्षणमा सफ्ट टेनिस, टेनिस, स्क्वास, खो-खो, हक्की, फेन्सिङ, स्विमिङ, ट्राइयाथलन, साइक्लिङ, महिला ह्याण्डबल, महिला बास्केटबल, महिला फुटबल, महिला क्रिकेट, प्याराग्लाइडिङ, गल्फ, कुस्ती, सुटिङ र आर्चरी खेलहरु रहेको छ। विशेष प्रशिक्षणबाट आवश्यक खेलाडीहरु छनोट गरिने परिषदले जनाएको छ। विशेष प्रशिक्षण र जिल्ला छनोट पश्चात पोखरामा भदौ १५ देखि १८ गते सम्म अन्तिम छनोट तालिका तय गरिएको छ। प्रतियोगितामा ३६ र २ प्रदर्शनी खेल गरी ३८ खेलका करिव ८ हजार खेलाडी गण्डकी प्रदेशको राजधानि पोखरा आउने भएको परिषदले जनाएकोछ।

गण्डकी प्रदेशबाट ३८ खेलमा ७ सय भन्दा वढी खेलाडीले सहभागिता जनाउने छन् भने छनोट भएका खेलाडीहरु भदौ २६ देखि असोज २६ गते सम्म आवाशिय सुविधा सहित बन्द प्रशिक्षणमा राखिने तयारी गरिएको परिषदका उपाध्यक्ष धोज कुमार गुरुङले बताउनु भयो। खेलाडी तथा खेल संघका पदाधिकारीलाई परिषदले उपलब्ध गराएको खेल सामाग्रि, स्वास्थ्य सामाग्रि हस्तान्तरण गर्दै अर्थ मन्त्री बरालले उक्त प्रतियोगिता सम्पन्न गर्न आर्थिक हिसावले कुनै अभाव नहुने बताउनु भएको छ। व्यबस्थापीकय, सम्मान सत्कार, खेलाडीहरुलाई आधारभूत व्यबस्थापकीय क्षेत्रमा कुनै कमी कमजोरी नगर्न मन्त्री बरालले निर्देशन दिदै आर्थिक अभावले प्रदेशले गर्ने कुनै पनि दाहित्व बहन गर्न तयार रहेको बताउनु भयो। हरेक हिसावले नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता सम्पन्न गर्न प्रदेश सरकार तयार रहेको मन्त्री बरालले बताउनु भयो। अहिलेसम्म पनि खेल क्षेत्रमा संघियता आउन नसकेको मन्त्री बरालको भनाई थियो। संघ सरकारले जसरी खेल क्षेत्रलाई प्रदेशमा हस्तान्तरण गर्नुपर्ने अधिकार हालसम्म हस्तान्तरण गर्न नसक्दा गण्डकी प्रदेश सरकारले खेल क्षेत्रलाई राम्रो गर्न खोज्दा खोज्दै नितीगत तथा कानूनि समस्याले गर्दा राम्रो गर्न नसकिएको मन्त्री बरालले जनाउनु भयो। खेल क्षेत्रमा संघियता ल्याउन अब लडाई नै लड्नुपर्ने उहाँको भनाई थियो।

गण्डकी प्रदेशको प्रदेश निती तथा योजना आयोगका सदस्य डा.सुवास अधिकारीले दिगो विकास लक्ष्य प्राप्तीको लागि खेलकुद पनि एक महत्वपूर्ण रुपमा रहेको बताउनु भयो। नवौं खेलकुदलाई नेपाली ठुला चार्ड पर्वहरुको बिचमै अर्को ठुलो चार्डको रुपमा मनाउन उहाँले आग्रह गर्नु भयो। प्रदेशको युवा तथा खेलकुद मन्त्रालयका सचिब बद्रिनाथ अधिकारीले खेल क्षेत्रको विकास गर्न चाहेर पनि कम बजेट विनियोजन हुने गरेको बताउनु भयो। परिषदका सदस्य सचिव तेज बहादुर गुरुङले नियमित प्रशिक्षण प्रायः शुन्य भएकोले प्रदेशले पदक ल्याउन धेरै मेहनत गर्नुपर्ने बताउनु भयो। उहाँले खेलकुदनमा सुसासन र आर्थिक पारदर्शीतामा ठुलो समस्या हुने गरेको जनाउनु भयो। परिषदका उपाध्यक्ष धोज कुमार गुरुङको अध्यक्षतामा उक्त समारोह सम्पन्न भएको थियो। नवौं राष्ट्रिय खेलकुद पोखरामा ३९ वर्ष पछि हुने भएको छ।

यसैबिच गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले पोखरा रंगशालामा रहेको मिडिया सेन्टरको समेत अवलोक गर्नु भएको छ। नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको माताहातमा रहेको उक्त मिडिया सेन्टरको बारेमा जानकारी गराउदै नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि समेत आफुहरुले २१ लाख मुल्य बराबरको अर्को मिडिया सेन्टर स्थापनाको लागि नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अर्न्तगत प्रचार प्रसार समितिलाई पेश गरिएको मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालले बताउनु भयो। उक्त खेलकुदको लागि कम्तिमा एक सय जना क्षेमताको मिडिया सेन्टर स्थापना गर्नु आफुहरुले माग गर्दै आएको अध्यक्ष बरालले जनाए। उक्त मिडिया सेन्टर १३ औं सागको अवसरमा स्थापना गरिएको मञ्चका पूर्व अध्यक्ष केशव पाठकले जनाउनु भयो।




डा.त्रिपाठी र अधिकारीको ह्विलचियर सहयोगः नेपाल मुस्लिम युवा समितिको संयोजनमा पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा कार्यरत मुटुरोग विशेषज्ञ डा.आशिष त्रिपाठी र पाथीभरा सर्जिकलकी प्रोप्राइटर एवं समाजसेवी विद्या अधिकारीको सहयोगमा नवलपरासी निवासी आफताब आलमलाई हालै ह्विल चियर प्रदान गरे। सहयोगी भावनाले ओतप्रोत अधिकारी र डा.त्रिपाठीले बिगतका दिनहरूमा पनि युवा समितिको अनुरोधलाइ सहज स्विकार गरी हृदयदेखि सहयोग गर्दै आइरहेका छन्। दुवै समाजसेवीहरुलाइ नेपाल मुस्लिम युवा समितिका अध्यक्ष अब्बास अलिमियाँले धन्यवाद दिए। फोटोः पोखरापत्र

# पोखरा-१५ मा बृहत् सरसफाइ अभियान

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ भदौं**



पोखरा महानगरपालिका वडा नं -१५ ले वडास्तरीय बृहत् सरसफाइ कार्यक्रमको आयोजना गरेको छ।

शुक्रवार बिहान साढे सात बजेदेखि पोखरा -१५ स्थित फूलबारी होटेलको १ नम्बर र २ नम्बर गेटबाट संयुक्त रूपमा सरसफाइ कार्यक्रमको आयोजना गरिएको हो। सरसफाइ कार्यक्रममा बोल्दै वडाध्यक्ष तोरण बहादुर बानियाँले 'हाम्रो वडा राम्रो वडा' बनाउने अभियान अन्तर्गत हिजो घोषणापत्रमा प्रतिबद्धता गरिएअनुरूप वडामा सरसफाइ कार्यक्रमको सुरुवात गरिएको बताए। उनले यस अभियानलाई मासिक रूपमा निरन्तरता दिइने र चाडबाड लागेसँगै अब वडाको सरसफाइमा जुट्नु पर्छ भनेर आजदेखि पहिलो चरणको सरसफाइ कार्यक्रमको आयोजना गरिएको बताए। उनले पोखरा -१५ लाई स्वच्छ वडा बनाउन सरसफाइ कार्यक्रममा सहभागी सबैलाई धन्यवाद दिए।

यस्तै, गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र पोखराका प्रहरी नायव उपरीक्षक कृष्ण बहादुर केसीले आजको सफाइ कार्यक्रममा नकुहिने र नष्ट नहुने प्लास्टिकजन्य फोहोर सङ्कलनमा जोड दिइएको बताए। उनले यस्ता प्रकृतिका फोहोरलाई जथाभावी नफाली बोरामा जम्मा गरेर फोहोरको गाडीमा मात्र फाल्न नगरवासीमा आग्रह गरे। साथै, केसीले नदीपुर क्षेत्रबाट सेती नहरमा प्लास्टिक जन्य फोहोर बगाउने गरेका कारण पोखरा -१४ ,१५ का वडाहरूका अत्यन्तै दूषित हुँदै आएकाले यस्ता कार्य नगर्न सबैलाई आग्रह गरे।

आजको सरसफाइ कार्यक्रममा वडाका जनप्रतिनिधि, पूर्व न्यायिक समिति सदस्य पार्वती थापा, टोल बासी आमा समूह, स्थानीय समाजसेवी, वृद्ध लगायत गण्डकी प्रदेश प्रहरी तालिम केन्द्रका प्रहरी नायव उपरीक्षक कृष्ण बहादुर केसीको कमान्डमा ३४९ जवानहरूको सहभागिता रहेको थियो। भने, सहभागीबाट ४ ट्रक फोहोर सङ्कलन भएको थियो।

# रेडियो सराङकोटले तीज विशेष कार्यक्रम र फुटसल प्रतियोगिता गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ भदौं**

पोखरास्थित रेडियो सराङकोटले विविध कार्यक्रम गरि वार्षिकोत्सव मनाउने भएको छ। वार्षिकोत्सवको अवसरमा रेडियोले तीज विशेष कार्यक्रम र मिडिया फुटसल प्रतियोगिता आयोजना गर्ने भएको छ।




भदौ ७ गते सञ्चारकर्मीबीच तीज विशेष कार्यक्रम र असोज ७ र ८ गते अन्तरमिडिया फुटसल प्रतियोगिता आयोजना गरिएको रेडियोका कार्यकारी निर्देशक कृष्णबहादुर थापाले जानकारी दिए। फुटसल प्रतियोगितामा करिब २५ टिम सहभागी हुने अपेक्षा गरिएको छ। प्रतियोगिता विजेताले ४० हजार र उपविजेताले २५ हजार साथमा ट्रफी र प्रमाणपत्र प्राप्त गर्ने छन्। विधागत पुरस्कारसमेत व्यवस्था गरिएको संयोजक युवराज भण्डारीले जानकारी दिए।

प्रतियोगिता संयोजक भण्डारीले प्रतियोगितामा भाग लिने खेलाडी विशुद्ध पत्रकार तथा सञ्चारकर्मी हुनुपर्ने बताए। उनले गैरपत्रकार एवं संचारकर्मीलाई प्रवेशमा कडाइ गर्न कुनै कसर बाँकी नराख्ने बताए।

त्यसका लागि सरोकारवालासँग बसेर थप प्रावधान बनाइने उनको भनाइ छ। 'एकताबद्ध सहकार्य, आर्थिक उन्नतिका लागि सहकारी' मूल मन्त्रका स्थानीय समुदायको पहलमा २०६३ सालको असोजमा सराङकोट बहुउद्देश्यीय सहकारी संस्था स्थापित भएको हो। सोही सहकारीद्वारा रेडियो सराङकोट संचालन भइरहेको स्टेशन म्यानेजर योगेन्द्र श्रेष्ठले जानकारी दिए। पत्रकार सम्मेलनमा अध्यक्षको आसनबाट प्रबन्ध निर्देशक अर्जुनबहादुर बस्नेतले सो अवसरमा सम्मान, प्रोत्साहन कार्यक्रम, रक्तदान एवं सरसफाइ कार्यक्रम समेत हुने जानकारी दिए। कार्यक्रममा स्वागत रेडियोका निर्देशक रमेशबहादुर थापा र संचालन स्टेशन म्यानेजर योगेन्द्र श्रेष्ठले गरेका थिए। पोखराको न्युरोडिस्थित रेडियो सराङकोटले समयसमयमा सामाजिक उत्तरदायित्वका कार्यक्रम संचालन गर्दै आएको छ।

## निर्वाचनका...

निर्देशन दिएको बताइएको छ।

कार्यदलमा कांग्रेसबाट नेता सिटौला, सञ्चारमन्त्रीसमेत रहनुभएका नेता ज्ञानेन्द्रबहादुर कार्की, महामन्त्री गगन थापा, नेकपा (माओवादी केन्द्र) बाट नेताहरु वर्षमान पुन र देव गुरुङ, नेकपा (एकीकृत समाजवादी) बाट उपाध्यक्ष प्रमेश हमाल र महासचिव बेदुराम भुसाल, जसपाबाट रामसहायप्रसाद यादव र रकम चेम्जोङ तथा राष्ट्रिय जनमोर्चाबाट हिमलाल पुरी र आनन्द शर्मा सदस्य हुनुहुन्छ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# बागलुङमा भदौरे जात्राको रौनक

– रामबहादुर थापा
बागलुङ, ३ भदौ (रासस)

शरदयामको छेकोमा यहाँको माहोल जात्रामय बनेको छ । झरी थामिएर घमाएका दिनले चाडबाड आउन लागेको सङ्केत गरिरहेका छन् । ठूला पर्व सुरु हुनुअघि यहाँ सांस्कृतिक जात्रा र नाचको छुट्टै रौनक चल्छ ।

जनैपूर्णिमादेखिकृष्णाष्टमीसम्म भदौरे जात्रा निकाल्ने प्रचलन छ । जसलाई बर्खे नाचले पनि चिनिन्छ । भदौरे जात्राअन्तर्गत लाखे, बास्सा, रोपाइँ, होवा, जोगी, कटुवाल, घोडालगायतका नाच तथा झाँकी प्रदर्शन गरिन्छ । रैथाने नेवार समुदायले आफ्नो पुस्तैनी संस्कृतिका रूपमा जात्राको परम्परालाई धान्दै आएको छ । नेवार युवाहरूको संस्था 'नेवाः ल्याम पुच' का अध्यक्ष जय राजभण्डारीले शुक्रबार (आज) घोडा नाच देखाएपछि यो वर्षको भदौरे जात्रा सकिने बताउनुभयो ।

सोही संस्थाको अगुवाइमा मङ्गलबार रोपाइँ नाच र बुधबार शाक्य कल्याण समाजले जोगी नाच निकालेको थियो । त्यसअघि समाजले लाखे नाच र ल्याम पुचले होवा र कटुवाल नाच देखाएको थियो । "शाक्य कल्याण समाजबाट लाखे र जोगी नाच निकल्छन्, अरु नाच नेवाः ल्याम पुचले देखाउँछ", अध्यक्ष राजभण्डारीले भन्नुभयो ।

ऐतिहासिक नाच तथा जात्राको संरक्षणमा नेपाल भाषा मंकाः खलः, नेवाः ल्याम पुच र शाक्य कल्याण समाज सक्रिय छ । झण्डै तीन सय वर्षअघि भक्तपुर, धुलिखेल र भादगाउँबाट यहाँ भित्रिएका नेवार जातिले भदौरे जात्राको प्रचलन बसालेको संस्कृतिकर्मी प्रेम छोटाले बताउनुभयो । "भाइचारा, मेलमिलाप, सामाजिक सन्देश र मनोरञ्जनको माध्यमका रूपमा जात्रालाई लिइन्छ", उहाँले भन्नुभयो, "जात्राभित्र विभिन्न परम्परा झल्कने गीत, नाच प्रदर्शन हुने गरेको छ, गाईजात्रा पर्वको दिनदेखि नै बर्खे नाच निकाल्न सुरु हुन्छ ।" गाईजात्रामा वर्ष दिनभित्र दिवङ्गत भएका आफन्तको सम्झनामा तायामचाः र बास्सा नाच निकालिएको थियो । त्यसयता लाखे, होवा, कटुवाल, रोपाइँ, जोगी नाच प्रदर्शन भइसकेको छ । कृष्णाष्टमीका दिन घोडा नाच निकाल्ने तयारी छ । उक्त नाचमा मानिसलाई घोडाको आकृति दिएर टिन र भ्र्यालीको तालमा जिस्काउँदै बजार परिक्रमा गराउने चलन छ ।

कटुवाल नाचमा पनि युवा विभिन्न रूपका मुखुन्डो धारण गरेर मृदङ्गको तालमा नाच्ने र कटुवालको भूमिका निभाउनेले रोपाईंको सन्देश दिने चलन छ । हली, बाउसे, खेतालीलाई भोलिपल्ट हुने रोपाईंको सन्देश दिन कटुवाल नाच निकाल्ने गरिन्छ ।

कटुवाल नाचपछि हुने रोपाइँ नाच पनि यहाँको पुरानो जात्रामध्येमा पर्छ । रोपाइँ नाचमा नेवार समुदायका युवा, वयस्क महिलाका भेष धारण गरेर नाचमा सहभागी हुन्छन् । हातमा धानको बीउ समातेर असारे भाकामा गीत गाउँदै बजार परिक्रमा गर्छन् । असारे नाचमा पनि आफ्ना भावना, विचारलाई गीतको माध्यमबाट स्वतन्त्र ढङ्गले प्रस्तुत गर्ने गरिन्छ । जोगी नाच भदौरे जात्राको अर्को आकर्षण हो । नेवारभित्र पनि शाक्य समुदायले यसको संरक्षण गर्दै आएको छ । जोगीको भेषमा सजिएर बाजाको विभिन्न तालमा लस्कर लागेर नाच्ने प्रचलन रहेको शाक्य कल्याण समाज सचिव मञ्जुल शाक्यले बताउनुभयो । उहाँले बागलुङको जोगी नाच पनि तीन सय वर्ष पुरानो भएको उल्लेख गर्नुभयो । जोगी नाचले सामाजिक एकता, भाइचारा बढ्ने, आसुरी प्रवृत्तिको नाश हुने र सहकाल आउने विश्वास गरिन्छ । जोगी नाचमा धेरै कलाकार चाहिने र खर्चिलो हुने हुँदा संरक्षणमा जटिलता थपिँदै गएको समाजका सचिव शाक्यले बताउनुभयो ।

जात्राले गीत, नृत्य र अभिनयबाट व्यङ्ग, पौराणिक कथा, जनजीवनका भोगाइ र स्वस्थ मनोरञ्जनलाई समेट्ने गरेको छ । प्रायः नाच गाईजात्राकै भिन्न स्वरुपजस्ता देखिन्छन् । "जात्राले सामाजिक विकृति, विसङ्गतिप्रति व्यङ्ग मात्र गर्दैन", संस्कृतिकर्मी छोटाले भन्नुभयो, "मौलिक र परम्परागत मूल्य, मान्यताले पनि यो सुसज्जित छ ।"

सबै भदौरे नाचको कथा, पृष्ठभूमि, स्वरुप र शैली भने भिन्न-भिन्न पाइन्छ । गाईजात्राको दिन निकालिने तायामचाः र बास्सा नाच दिवङ्गत आफन्तको सम्झना र मोक्ष प्राप्तिको कामनासहित निकाल्ने गरिन्छ । बास्सा नाचमा देवी, देवताको वेषभूषा र बान्कीमा सजिएर भगवान् राम, कृष्ण, विष्णु आदिका लीला प्रदर्शन गर्ने चलन छ ।

नेपाल भाषा मंकाः खलःका अध्यक्ष मुकेशचन्द्र राजभण्डारीले पहिले-पहिले भदौरे नाच हेर्नकै लागि गाउँ-गाउँबाट बागलुङ बजार झर्ने गर्थे । "दिनभर जात्रामा रमाउने र चाडबाडलाई किनमेल गरेर साँझ घर फर्कने चलन थियो", उहाँले भन्नुभयो, "ग्रामीण बजार, सडकको विस्तार आदिले अहिले त्यो चलन हट्यो ।"

पछिल्लो समय जात्राको रौनक खुम्चँदै गए पनि संस्कृति र परम्परा जोगाउन नेवार समुदाय लागिपरेको छ । जिल्लाको हरिचौर, हटिया, बलेवालगायत नेवार जातिको बसोबास रहेका ठाउँमा पनि बर्खे नाच देखाउने गरिन्छ । संरक्षण अभावमा कतिपय नाच भने हराएर गएको नेवार अगुवा बताउँछन् ।

"पुस्तान्तरणको अभावमा कतिपय परम्परागत नाच सङ्कटमा छन्, अहिले आप्रवासन बढ्दो छ, युवापुस्ता बाहिर छ, यसले पनि पुरानो संस्कृति संरक्षणमा चुनौती थपेको छ", खलःका अध्यक्ष राजभण्डारीले भन्नुभयो, "नयाँ पुस्तालाई पनि आफ्नो इतिहास, भाषा, कला र संस्कृतिबारे बुझाउनुपर्ने खाँचो छ ।"



नेकपा (एमाले) जिल्ला कमिटी बागलुङले शुक्रबार आयोजना गरेको प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै एमालेका उपमहासचिव पृथ्वी सुब्बा गुरुङ । तस्बिर : खेमराज गौतम/रासस

# 'शून्य छ जन्मेको घर बरिलै' बजारमा

पोखरापत्र संवाददाता
गण्डकी, ३ भदौ

आधुनिकताका नाममा तीज गीतको मौलिकता हराउँदै गएका अवस्थामा गीतकार चन्द्रवती वाग्लेको 'शून्य छ जन्मेको घर बरिलै' शीर्षकको गीत बजारमा आएको छ ।

उहाँले गीतमा नेपाली मौलिकताको तीजको झल्को दिएको छ नै समाजको वास्तविकतालाई पनि चित्रण गर्न खोजिएको छ । कृषिप्रधान मुलुकमा बाँभिँदै गएका घरबारी चुनौतीका रूपमा देखिएको उल्लेख गर्दै उहाँले तीनताका बाबुबाजेका पालाको घरपरिवार र समाज अहिले पाउन छोडिएको उल्लेख गर्नुभएको छ । दुःख गरेर जोगाएको सम्पत्तिको पछिल्लो पुस्ताले संरक्षण गर्न नखोजेको र सुख सुविधाका नाममा परिवार नै बोकेर सहर पस्ने गरेको प्रसङ्ग गीतमा उल्लेख गरिएको छ । पहिलोपटक २०७४ सालमा आइन छोरी भनेर गीत लिएर बजारमा आउनुभएकी गीतकार वाग्लेले त्यस बीचमा नरोए आमा, जागिरे नारीको पीडा भाग एक, गरिन गुनासो, जागिरे नारी भाग एक, सहरको सुविधा र म, दर्जा बेरोजगारको, आउ सङ्गी रमाइलो गरौँ बरिलै, रमाइलो माइतैमा, जँड्याहा पोइसहित शून्य छ जन्मेको घर बरिलै शीर्षकका गीत बजारमा आएका हुन् । वाग्लेको हरिश्चन्द्र शोक काव्य २०५५ मा प्रकाशित भएको थियो ।

सरकारी सेवामा पोखरा महानगरपालिकामा सातौँ तहको अधिकृतका रूपमा कार्यरत वाग्ले कस्केली अधिकृत समाजका सदस्यलगायत विभिन्न सामाजिक सङ्घ संस्थामा पनि आबद्ध हुनुहुन्छ । वाग्लेको यो गीतसहित ११ एकल र दुई वटा संयुक्त गरी १३ गीत रेकर्ड भई बजारमा आएका हुन् । उहाँले दर्जनौँ फुटकर गीत तथा कविता रचना गर्नुभएको छ ।

गीतका माध्यमबाट समाजका सत्यतथ्य बाहिर ल्याउँदै सचेतना अभिवृद्धि गर्ने उद्देश्यका साथ बर्सेनि तीजका एल्बम बजारमा ल्याएकी वाग्लेको यस गीतको भिडियो निर्देशन, छायाङ्कन, सम्पादन शिवराज भुर्तेलले गर्नुभएको छ । भिडियोमा कलाकार तीर्थराज वाग्ले, विष्णुमाया भुर्तेल, सपना तिवारी र सुनिता नेपालीले अभिनय गर्नुभएको छ । गीतलाई नमस्ते पोखरा ब्रोडकास्टिङ स्टुडियो युट्युब च्यानलले बजारमा ल्याएको छ ।

# निर्वाचनको तयारीमा जुटे म्याग्दीका दलहरू

पोखरापत्र संवाददाता
म्याग्दी, ३ भदौ

म्याग्दीका राजनीतिक दलहरूले आगामी मङ्सिर ४ गते हुन लागेको प्रतिनिधि र प्रदेशसभा निर्वाचनको तयारी थालेका छन् ।

चुनावको तयारीका लागि कार्यकर्ता र मतदाताको अपेक्षा बुझ्नका लागि नेताहरू गाउँ पसेका हुन् । गत वैशाखमा भएको स्थानीय तह चुनावपछि सुस्ताएको राजनीतिक गतिविधि बढ्न थालेको छ । प्रशिक्षण र भेटघाटका कार्यक्रम बनाएर उहाँहरू गाउँ पसेका हुन् ।

नेपाली काङ्ग्रेसले जिल्लास्तरीय बैठक बसेर सबै पालिकामा कार्यकर्ता प्रशिक्षण र भेटघाट कार्यक्रम सञ्चालन गरेको छ । नेकपा (एमाले)ले पालिकास्तरीय कार्यकर्ता प्रशिक्षण सकेर वडास्तरमा प्रशिक्षण र भेटघाट थालेको छ । नेकपा माओवादी केन्द्रले जिल्ला समन्वय समितिको बैठक बसेर सङ्गठन सुदृढीकरण अभियानको तयारी गरेको छ । राष्ट्रिय प्रजातन्त्र पार्टीको जिल्ला कार्यसमितिको बैठकले प्रतिनिधि र प्रदेशसभा निर्वाचनमा उम्मेदवारसमेत सिफारिस गरेको छ । एमाले म्याग्दीका अध्यक्ष देवेन्द्रबहादुर कटुवालले गत साउन महिनामा जिल्लाका सबै छवटा स्थानीय तहमा अगुवा कार्यकर्तालाई प्रशिक्षण सञ्चालन गरिएको बताउनुभयो । उहाँले अन्नपूर्ण गाउँपालिका-८ राम्चेबाट वडास्तरीय कार्यकर्ता प्रशिक्षण, बैठक र भेटघाट कार्यक्रम सुरु गरेको बताउनुभयो । एमाले निकट अनेमसङ्घलेपनिपालिकास्तरमा कार्यकर्ता प्रशिक्षण अभियान सञ्चालन गरेको छ । काङ्ग्रेस म्याग्दीका सचिव भरत रकालले बुधबार रघुगङ्गाको मौवाफाँट र बिहीबार मङ्गलाको बाबियाचौरमा पालिकास्तरीयकार्यकर्ताप्रशिक्षण भएको जानकारी दिनुभयो । बाँकी चारवटा पालिकामा पनि कार्यकर्ता प्रशिक्षण हुने उहाँले बताउनुभयो । नेकपा (माओवादी केन्द्र) म्याग्दीका संयोजक रेशम जुग्जाली (सुवीन)ले जनवर्गीय सङ्गठनको बैठक सञ्चालन भइरहेको र आगामी हप्ता जिल्ला समन्वय समितिको बैठक आयोजना गरिएको जानकारी दिनुभयो । पालिकास्तरीयकार्यकर्ताप्रशिक्षणसँगै वडास्तरसम्म सङ्गठन सुदृढीकरण, सदस्यता विस्तार र जनवर्गीय सङ्गठन परिचालन गरिने उहाँले बताउनुभयो । राष्ट्रिय प्रजातन्त्र पार्टी म्याग्दीका अध्यक्ष वीरबहादुर थापा क्षेत्रीले यसै हप्ता बेनीमा बसेका बैठकले प्रतिनिधिसभामा पूर्वसहायकमन्त्री जगतप्रसाद गौचन, प्रदेशसभा क्षेत्र (क)मा रामबहादुर शाही र क्षेत्र (ख) मा होमबहादुर थापालाई उम्मेदवार बनाउन नाम सिफारिस गरेको जानकारी दिनुभयो ।

उम्मेदवारका आकाङ्क्षीको पहिचान, आकाङ्क्षीप्रति मतदाता तथा कार्यकर्ताको मनोभावना, जितको सम्भावनालगायतका विषयमा नेताले अध्ययन गरिरहेका छन् । विगतको अनुभव, सफलता र कमजोरी पहिचान गरेर चुनाव जित्ने रणनीति बनाउन थालेका छन् ।

जिल्लामा प्रतिनिधिसभामा एक र प्रदेशसभामा दुई वटा निर्वाचन क्षेत्र छन् । गत २०७४ को चुनावमा प्रतिनिधिसभामा एमालेका भूपेन्द्रबहादुर थापा, प्रदेशसभा क्षेत्र (क)मा माओवादीका विनोद केसी र क्षेत्र (ख)मा एमालेकी नरदेवी पुन विजयी हुनुभएको थियो । त्यो चुनावमा एमाले र माओवादी तथा काङ्ग्रेस र राप्रपाले तालमेल गरेका थिए । गत स्थानीय तह चुनावमा म्याग्दीमा एमालेले चार पालिका प्रमुख, तीन वडा उपप्रमुख र १८ वडा, काङ्ग्रेसले दुई पालिका प्रमुख, एक उपप्रमुख, १७ वडा र माओवादी केन्द्रले दुई उपप्रमुख र छ वडा जितेका थिए ।

# परिवारका सबै सदस्य अपाङ्गता परिचयपत्रको भरमा

पोखरापत्र संवाददाता
बागलुङ, ३ भदौ

धेरै पढ्ने र जागिर खाने सपना बोक्नुभएकी बागलुङ नगरपालिका-११ रायडाँडाकी दुर्गा सापकोटाको सपना कक्षा १२ पढ्दै तुहियो ।

आफूबाहेक परिवारका सबै सदस्य जन्मजात अपाङ्गता भएपछि छ वर्षको उमेरयता सापकोटाका दिन निकै कष्टकर रहे ।

पारिवारिक बोझ र आर्थिक सङ्कटका कारण उहाँको बाँकी जीवन मेलापात र परिवारको लालनपालनमै बित्यो । उहाँको थाप्लोमा आमा, बुवा र दुई भाइको जिम्मेवारी छ । सापकोटाको पाँच जनाको परिवारमध्ये उनीमात्रै सपाङ्ग हुन् । उनीबाहेक बाबु, आमा र दुई भाइ जन्मजात अपाङ्ग छन् । आमालाई क्यान्सर रोगसमेत छ । लालनपालन सबै २३ वर्षीया दुर्गाको काँधमा छ । दुर्गाका बुवा जगन्नाथ बोल्न र सुन्नसमेत सक्नुहुन्न । आमा सीता, भाइ प्रेम र प्रदीपको खुट्टा चल्दैन । "सात वर्षको उमेरदेखि मेलापातमै बितेको छ, आफ्नो एक टुक्रा जमिन छैन, अर्काको जग्गा अधिया कमाएर परिवार पाल्दै आएकी छु, आमाको दुवै खुट्टा बाङ्गो छ, पाठेघरको क्यान्सर छ । आर्थिक अभावले उपचार गर्न सकिएको छैन", उहाँले भन्नुभयो, "भाइलाई घरमा पाल्न नसक्दा पोखरास्थित वेदआश्रममा पठाएकी छु ।" बुवा बाहेक सबैलाई उपचारका लागि पोखरा र भरतपुर लगेको दुर्गाले सुनाउनुभयो । गत साउन २९ गते सबैजनाको अपाङ्गता परिचयपत्र बनाएको उहाँले बताउनुभयो ।

"सम्पत्तिका नाममा खोला छेउमै रहेको घर छ", उहाँले भन्नुभयो । अपाङ्गता परिचयपत्रका आधारमा राज्यले दिने आर्थिक सहायताले औषधोपचार गर्दै आएको दुर्गाको भनाइ छ । आमा सीताले 'क' वर्गको तथा अन्य तीन जनाले 'ख' वर्गको अपाङ्गता परिचयपत्र पाउनुभएको छ । 'क' वर्गको अपाङ्गता परिचयपत्र भएकालाई मासिक रु चार हजार र 'ख' वर्गको अपाङ्गता परिचयपत्र भएकालाई मासिक रु दुई हजार प्राप्त हुन्छ ।

# व्यास पराशर क्षेत्रलाई धार्मिक पर्यटकीय गन्तव्यस्थल बनाउनुपर्छ : वरिष्ठ नेता पौडेल

पोखरापत्र संवाददाता
तनहुँ, ३ भदौ

नेपाली काङ्ग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले व्यास पराशर क्षेत्रलाई धार्मिक पर्यटकीय गन्तव्यस्थल बनाउनुपर्नेमा जोड दिनुभएको छ ।

श्रीकृष्ण जन्माष्टमीको अवसरमा व्यास क्षेत्र विकास कोषद्वारा व्यास-३ स्थित शिवपञ्चायन मन्दिर क्षेत्रमा शुक्रबार आयोजित वृक्षारोपण कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले धार्मिक महत्व बोकेको व्यास र पराशर क्षेत्रको एकीकृत विकास गर्नुपर्छ भन्नुभयो ।

व्यास पराशर क्षेत्रलाई विश्वभरका हिन्दू धर्मावलम्बीको आकर्षणको केन्द्रबिन्दु बनाउनुपर्ने नेता पौडेलको भनाइ थियो । "विश्वभरका धार्मिक पर्यटकलाई व्यास र पराशर क्षेत्र आउने वातावरण बनाउनेतर्फ लाग्नुपर्छ", उहाँले भन्नुभयो । वरिष्ठ नेता पौडेलले भानुभक्तको जन्मस्थल चुँदीरम्घालाई साहित्यिक पर्यटकीय गन्तव्यस्थल बनाउन आफूले पहल गरिरहेको बताउनुभयो । त्यस्तै मानुङकोट, छाब्दीबाराही, तनहुँ कालिकालगायतलाई पनि पर्यटकीय क्षेत्रका रूपमा विकास गरी समग्र तनहुँको विकास अभियान सञ्चालन गर्नेतर्फ ध्यान दिइने उहाँले बताउनुभयो ।

कार्यक्रममा गण्डकी प्रदेशका आन्तरिक मामिलामन्त्री डोवाटे विश्वकर्मा, जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, व्यास नगर प्रमुख वैकुण्ठ न्यौपानेलगायतले वृक्षरोपण गर्नुभएको थियो । सो अवसरमा विभिन्न प्रजातिका बिरुवा रोपण गरिएको व्यास क्षेत्र विकास कोषका अध्यक्ष अशोककुमार श्रेष्ठले जानकारी दिनुभयो ।

# पात्रो प्रकाशनका लागि पञ्चाङ्ग निर्णायक समितिमा निवेदन

रासस
काठमाडौं, ३ भदौ

विसं २०८० को पात्रो (पञ्चाङ्ग) प्रकाशनका लागि १७ वटा निवेदन परेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ ।

विसं २०८० को पञ्चाङ्ग प्रकाशन गर्नका लागि निवेदन दिन गत साउन ४ गतेको गोरखापत्रमा सूचना प्रकाशन गरी समितिले एक महिनाको समय दिएको थियो ।

समितिको सूचनाअनुसार पुराना १४ पञ्चाङ्ग र नयाँ तीन गरी १७ वटा निवेदन प्राप्त भएको कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले राससलाई जानकारी दिनुभयो । स्वीकृतिका लागि निवेदन दिने नयाँ पात्रोमा मुक्तिनाथ, नेपाल र ज्वाला पञ्चाङ्ग छन् । यी तीनवटै पञ्चाङ्ग यो वर्ष पनि समितिसँग स्वीकृति नलिइ प्रकाशनमा रहेका छन् । मुक्तिनाथ र नेपाल पञ्चाङ्ग विश्व पञ्चाङ्ग निर्णायक समितिका नाममा स्वीकृतिका लागि आएको कार्यकारी निर्देशक ढुङ्गेलले जानकारी दिनुभयो ।

विगतमा एकपटक समितिसँग स्वीकृति लिएर निस्किएको ज्वाला पञ्चाङ्ग केही समय भने स्वीकृति नलिइ प्रकाशनमा आएको थियो । ज्वालाले यसपटक फेरि स्वीकृतिका लागि निवेदन दिएको समितिले जनाएको छ ।

केही महिना प्राप्त निवेदनमाथि छलफल, चाडपर्वको निर्णय, ग्रहगणितको रुजु गरी प्रकाशनको स्वीकृति दिइनेछ । पुससम्म सबै प्रक्रिया पूरा गरेर पात्रो प्रकाशनको स्वीकृति दिइसक्ने समितिको तयारी छ । समितिको सङ्गठन तालिका निर्माण पनि अन्तिम चरणमा पुगेको जनाइएको छ । केही हप्तामै यसले पूर्णता पाउने संस्कृति, पर्यटन तथा नागरिक उड्डयन र अर्थ मन्त्रालयले वचन दिएका छन् । समितिले कर्मचारी सेवा, शर्त र आर्थिक नियमावली पनि मस्यौदा गरी स्वीकृतिका लागि संस्कृति मन्त्रालयमा पठाउने तयारी गरेको छ ।